नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

प्रेस विज्ञप्ति

आज मिति २०८२ साल जेठ २० गते (तदनुसार ३ जुन, २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग नेपालका लागि जोर्डनका गैरआवसीय राजदुत महामहिम युसुफ अब्देलघानीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौंमा शिष्टाचार भेटघाट गर्नु भयो । सो अवसरमा माननीय मन्त्रीज्यूले महामहिम युसुफ अब्देलघानीलाई मन्त्रालयमा स्वागत गर्दै सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुभएकोमा हार्दिक बधाई समेत दिनुभयो ।

माननीय मन्त्रीज्यूले सन् १९६५ मा कुटनीतिक सम्बन्ध स्थापना भए देखिनै नेपाल र जोर्डनबीच मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको र महामहिमज्यूको कार्यकालमा थप प्रगाढ हुने अपेक्षा व्यक्त गर्नु भयो । भेटघाटको अवसरमा माननीय मन्त्रीज्यूले नेपाल र जोर्डनबीच भइरहेको सिमित व्यापार र नेपालको व्यापार घाटाका विषय उल्लेख गर्दै भविष्यमा व्यापार तथा लगानी बढाउन नेपालबाट कृषिजन्य वस्तुहरू निर्यात गर्ने र जोर्डनबाट मल आयात गर्न सकिने विषयमा सहकार्य हुन सक्ने विचार राखु भयो । साथै, सन् २०२६ सम्म नेपाल अल्पविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति हुने तयारी भईरहेकाले नेपालमा विदेशी लगानीको प्रचुर सम्भावना रहेको र नेपाल सरकारले लगानी प्रवर्द्धनका लागि विभिन्न नीतिगत, कानूनी तथा प्रकृयागत सुधार गरी लगानीमैत्री वातावरण निर्माण गरेको उल्लेख गर्दै जोर्डनबाट नेपालमा थप लगानी भित्र्याउन आह्वान गर्नुभयो । नेपालले हालै मात्र सफलतापूर्वक सगरमाथा सम्वाद सम्पन्न गरेको विषय उल्लेख गर्नुहुँदै माननीय मन्त्रीज्यूले सो सम्वादको मुख्य सन्देश विश्वव्यापि साझा वस्तुको संरक्षणका लागि सबैको सामुहिक कार्य जरूरी रहेको र जोर्डनको समेत यो एक प्राथमिकताको क्षेत्र भएकाले दुई देशबीच यो विषयमा पनि सहकार्य र सहयोग हुनेसक्ने विचार व्यक्त गर्नुभयो ।

छलफलको क्रममा नेपालका लागि जोर्डनका गैरआवसीय राजदुत महामहिम युसुफ अब्देलघानीले माननीय मन्त्रीज्यूलाई न्यानो स्वागतको लागि धन्यवाद दिँदै नेपाल र जोर्डनबीच धेरै आयाममा समानता रहेको र आफ्नो कार्यकालमा द्विपक्षीय सम्बन्धमा बलियो बनाउन प्रयास गर्ने बताउनु भयो ।दुई देशबीच कुटनीतिक, व्यापारिक तथा लगानी सम्बन्धलाई थप प्रगाढ बनाउन सरकारी र व्यापारिक प्रतिनिधिबीच आदानप्रदान भ्रमणहरू, सांस्कृतिक भ्रमण आदान प्रदान, व्यापार तथा लगानी प्रवर्द्धनका लागि संयुक्त समितिको स्थापना गर्नु पर्नेमा जोड दिनुभयो। नेपालको लागि जोर्डन श्रम बजारको एक प्रमुख गन्तव्य हुनसक्ने आँकलन गरी निर्माण उद्योग, तयारी पोशाक लगायत क्षेत्रमा प्रचुर सम्भावना रहेको समेत औंल्याउनु भयो । दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाईराख्न मन्त्रालयले पूर्णरूपमा सहयोग गर्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

भेटघाटको अन्त्यमा माननीय मन्त्रीज्यूले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन र व्यापार तथा लगानीको दायरा बढाउन महामहिमज्यूको महत्वपूर्ण भूमिका रहने अपेक्षा गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

(जितेन्द्र बस्नेत)
सहसचिव/ प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np